**सामाजिक परिचालन**

१. नेतृत्व विकासका लागि "रुपान्तरणकारी सामाजिक परिचालन तालिम"

**सामाजिक परिचालन तालिमको महत्व र उपादेयताः**

क्षमता विकास तालिम प्राप्त ५० वटा समूहका १००० जना महिला तथा किशोरीहरुलाई यो "रुपान्तरणकारी सामाजिक परिचालन तालिम" तालिम प्रदान गरिन्छ । पाँच (५) दिने यस तालिममा विशेषगरी रुपान्तरणकारी सामाजिक परिचालन, सामाजिक सक्रियता, अगुवाई तथा नेतृत्व, महिला हिंसा विरुद्धका सामग्री, पितृसत्ता, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी), पैरवी, अभियान, साधन-स्रोत तथा सेवाहरुमा पहुँच बढाउने खालका विषयबस्तुमाथि विहंगम विचार, विमर्श गरी सहभागीहरुको वक्तृत्व क्षमता, कला, सहकार्य शैली, सार्वजनिक बहस आदिमा भाग लिन सक्ने बनाइन्छ । जसले गर्दा सहभागी सदस्यहरुले स्थानीय स्रोत, साधन र सेवाहरुमा सहजै पहुँच पुऱ्याउन सक्नेछन् । साथै स्थानीय सरकार, विपन्न तथा सीमान्तकृत समुदाय र समूहका माँग र समस्यालाई समाधान गर्नेतर्फ सकरात्मक बन्नेछन् भन्ने परियोजनाले अपेक्षा गरेको छ । यसले सामाजिक परिचालन तालिमले परियोजनाको उद्देश्य नम्बर २ हासिल गर्ने छ ।

## परियोजना सञ्चालन विधिः

परियोजनाको पहिलो अध्यय महिला समूह गठन, संस्थाले विकास गरेको "समुह निर्माण निर्देशिका २०७९", "Baseline Study", तथा "प्रारम्भिक सूचना संकलन फारम" को आधारमा, स्थानिय









सरकारको समन्वय र सिफारिसमा लोकतान्त्रिक तथा सहभागितामूलक प्रकृया तथा विधि अनुसार भेला आह्वान गरि समुह गठन गरिएको छ । "द्यबकभष्लिभ क्तगमथ" बाट प्राप्त सूचना तथा प्रारम्भीक सूचना संकलन फारम भरी उनीहरुको आयआर्जन, खेतीपातीको अवस्था, पारिवारिक अवस्था, जग्गाजमिनको स्वामित्व, वार्षिक आय, परिवारमा रहेका सदस्य संख्या सहित समग्र अध्ययन तथा विश्लेषणगरी सम्भावित व्यक्तिहरुलाई वडा अध्यक्ष अर्थात वडाको सिफारिस समेतका आधारमा महिला तथा किशोरीहरुको छनौट गरिएको छ र उक्त महिला तथा किशोरीहरुलाई (विशेष अवस्था बाहेक) मात्र तालिम प्रदान गरिन्छ ।

## परियोजना व्यवस्थापन समूहः

USAID Local Works: Gorkha and Chitwan परियोजना व्यवस्थित रुपमा सञ्चालन तथा सफलताका साथ सम्पन्न गर्नका लागि एडवान् संस्थाका टिम तथा परियोजनाको टिम प्रतिवद्ध रहेको छ । परियोजनाको लागि आवश्यक मानव स्रोत कुल १६ जना रहेको छ । केन्द्रमा ४ जना सहित दुई जिल्लाको फिल्ड कार्यालय अन्तर्गत फिल्ड संयोजक १/१, सामाजिक परिचालक ४/४ र कार्यालय सहयोगी १/१ गरी कूल १६ जना कर्मचारीहरुको व्यवस्था गरिएको छ जसमा ७ जना पुरुष र ९ जना महिला रहेका छन् ।

**थप जानकारीका लागि**

**नेपाल दलित महिला उत्थान संघ (एड्वान)**
केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ।
फोन नम्बर: ९७७-०१-४५१७१६५/४५२७६९५
Email: info@adwan.org.np / bindu@adwan.org.np
Web: https://www.adwan.org.np

ADWAN
Empowering Women & Educating Girls

# नेपाल दलित महिला उत्थान संघ (एड्वान)
## Association for Dalit Women's Advancement of Nepal (ADWAN)





# USAID Local Works: Gorkha and Chitwan
## युएसएआईडी स्थानीय कार्यः गोरखा र चितवन



## संस्थाको परिचय

२०५५ साल श्रावण २८ गते विधिवत रुपमा जन्म लिएको यस नेपाल दलित महिला उत्थान संघको मुख्य उद्देश्यः दलित, विपन्न, सीमान्तकृत तथा जोखिमपूर्ण समुदायका महिला तथा किशोरीहरुको आर्थिक, शैक्षिक, सामाजिक तथा राजनीतिक सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास गर्दै स्थानीयदेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरसम्म विभिन्न सवालहरुमा पैरवी तथा वकालत गर्ने रहेको छ । संस्था, दलित समुदाय तथा महिलामाथि हुने सबै प्रकारका विभेद, हिंसा र छुवाछूतको अन्त्य उनीहरुको आर्थिक सशक्तिकरण र सचेतना वृद्धिबाट सम्भव छ भन्ने कुरामा विश्वास गर्दछ । संस्थाले (वास्तविक परिवर्तन – **REAL** Change) मा आधारित मुख्य चारवटा स्तम्भ, अधिकार (**R**ights), शिक्षा (**E**ducation), पैरवी (**A**dvocacy) र जीविकोपार्जन (**L**ivelihood) लाई मुख्य आधारमानि कार्यक्रम गर्दै आएको छ ।

## परियोजनाको परिचय

USAID Local Works: Gorkha and Chitwan (युएसएआईडी स्थानीय कार्य: गोरखा र चितवन) अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा, नेपाल दलित महिला उत्थान संघ (एड्वान) द्वारा सञ्चालित चौबिस महिने परियोजना हो । परियोजना अन्तरगत दुई जिल्ला गोरखा र चितवनका चारवटा पालिकाहरुका १००० जना सीमान्तकृत तथा जोखिमपूर्ण अवस्थामा रहेका महिला तथा किशोरीहरुलाई कृषि तथा गैरकृषिमा आधारित सीप विकास तालिम तथा उत्पादनसँग आवद्ध गर्दै आर्थिक सामाजिक, राजनीतिक सशक्तिकरणगरी नेतृत्व विकास गर्ने उद्देश्य रहेको छ। जसबाट लक्षित १००० जना महिला तथा किशोरीहरु आर्थिक रुपमा सशक्त हुने छन भने, कम्तिमा ४२५ जना महिला तथा किशोरीहरुले साना तथा मझ्यौला व्यवसाय सञ्चालन गर्ने छन र आर्थिक रुपमा सशक्त हुने छन् । १००० जना मध्ये कम्तिमा १३० जना महिला तथा किशोरीहरु, स्थानिय तहको सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच सहितको सशक्त भूमिकामा सहभागी हुने छन् ।

**परियोजनाको कूल अवधिः**
२४ महिना (१७ जुन २०२२ देखि १६ जुन २०२४ सम्म)

**कार्यक्रम कार्यान्वयन हुने क्षेत्रः**
**चितवनः**
१. भरतपुर महानगरपालिका वडा नं. २३, २४, २५, २८ र २९
२. रत्ननगर नगरपालिका वडा नं. ११, १२, १३, १४, १५ र १६

**गोरखाः**
१. शहीद लखन गाउँपालिका वडा नं. १ देखि ९ सम्म (सवै वडाहरु)
२. गण्डकी गाउँपालिका वडा नं. १ देखि ८ सम्म (सबै वडाहरु)

## परियोजनाको लक्ष्यः

परियोजनाको समग्र लक्ष्य भनेको लक्षित वर्गका "परिवारहरुलाई गरिबीमा पर्न, पुनः गरिबीमा पर्न, वा थप गरिबीमा पर्नबाट रोक्नु हो, र कुनैपनि प्राकृतिक वा गैर-प्राकृतिक विपदहरुमा आईपर्ने न्यून वा मध्यम खालका आय-मन्दीको सामना गर्न दीर्घकालीन उत्थानशीलताका लागि क्षमतावान बनाउनु हो र तुलनात्मक रुपमा छोटो समयावधिभित्रै सामान्य जीवनमा फर्काउनु हो ।"

**परियोजनाको विशिष्टिकृत उद्देश्यहरु निम्नानुसार रहेका छन्ः**

१) लक्षित १००० सीमान्तकृत तथा जोखिमपूर्ण महिला र किशोरीहरुको उत्थानशील जीवीकोपार्जन निर्माणका लागि अगुवाइ गर्दै साना तथा लघु उद्यमी बनाउन उनीहरुकै अगुवाइमा स्थायिन स्तरमा भएको आर्थिक अवसरको विस्तार, पहिचान र विविधिकरण मार्फत परिवारको आय दीगो रुपमा वृद्धि गर्ने;

२) सोही १००० सीमान्तकृत तथा जोखिमपूर्ण महिला र किशोरीहरुको स्रोत-साधन, सेवा तथा निर्णय प्रक्रियामा पहुँच बढाउन रुपान्तरणकारी सामाजिक परिचालनका गतिविधिहरु मार्फत सामाजिक तथा राजनीतिक सशक्तिकरण गर्ने;

३) एड्वानको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

## परियोजनाको मुख्य गतिविधिहरुः

**जीविकोपार्जनको लागि क्षमता विकास तालिम**

१. गाँजर तथा मुला खेती सम्बन्धी तालिम
२. करेला तथा भिण्डी खेती सम्बन्धी तालिम
३. अकबरे खुर्सानी तथा कोषेबाली तालिम
४. भेंडे खुर्सानी तथा खुर्सानी खेती तालिम
५. च्याउ खेती तालिम
६. अदुवा तथा बेसार खेती तालिम
७. केरा खेती तालिम
८. पुष्प खेती तालिम
९. व्यावसायिक बाखापालन तालिम
१०. व्यावसायिक बंगुर पालन तालिम
११. व्यावसायिक कुखुरापालन तालिम
१२. स्यानीटरी प्याड बनाउने तालिम

**तालिमको महत्व तथा उपादेयताः**
क्षमता विकास (सूचना, ज्ञान र सीप) तालिम, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र (सिटिइभिटी) ले विकास तथा प्रमाणित गरेको पाठ्यक्रम अनुसार, स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा पालिकामा कार्यरत तथा बाह्य कृषि विज्ञहरुको सल्लाह एवं प्रत्यक्ष संलग्नतामा सञ्चालन गर्ने गरिएको छ । समूहको विशिष्टिकृत तरकारी तथा फलफूलजन्य वा पशुपन्छीजन्य व्यवसाय छनौट तथा माँग र परियोजनाको आवश्यकता तथा बस्तुगत परिस्थितिलाई ध्यानमा राख्दै, प्राविधिक तथा व्यावसायिक किसिमका तालिमहरु प्रत्येक समूहलाई आवश्यक सूचना, ज्ञान र सीप सहित तालिम प्रदान गर्ने गरिन्छ ।

मुलतः क्षमता विकास तालिमले परियोजनाको १ नम्बरको उद्देश्य हासिल गर्न मद्दत गर्दछ । गोरखामा गठन हुने २५ वटा र चितवनमा गठन हुने २५ वटागरी कूल ५० वटा समूहलाई ५० वटै तालिम प्रदान गरिन्छ । यस तालिमबाट सिकेका सैद्धान्तिक तथा प्राविधिक ज्ञान र सीपले समूहमा आवद्ध न्यून आय भएका अति विपन्न, सीमान्तकृत तथा जोखिमपूर्ण महिला तथा किशोरीहरुलाई सामूहिक तथा व्यक्तिगत रुपमा समेत व्यावसायिक खेती तथा पशुपालन व्यवसायमा लाग्न अभिप्रेरितगरी सोबाट आय वृद्धिका साथ उत्थानशील जिविकोपार्जन निर्माण गर्न मद्दत गर्दछ । तालिमहरु ७ देखि १५ दिने सम्मका छन् । तालिमको उद्घाटन र समापन समारोहमा महानगर/नगर/गाउँपालिका प्रमुख/अध्यक्ष र/वा उपप्रमुख/उपाध्यक्ष तथा वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरुको उपस्थितिमा तालिम पूर्णताको प्रमाणपत्र वितरण गरिन्छ । यसबाट महिला समूहको स्थानिय सरकारसँग प्रत्येक सम्बन्ध र आन्तरकृया गर्न मद्दत पुग्छ । यस तालिमबाट १००० जना सीमान्तकृत तथा जोखिमपूर्ण महिला तथा किशोरीहरुलाई दक्ष बनाइन्छ ।